# घरमा आगलागीबाट सुरक्षा
## तथ्यपत्र

Tasmania Fire Service

# तातो पार्ने

## सबै प्रकारका तताउने उपकरणले आगलागी गराउन सक्छन्।

यी उपाय अपनाएर जोखिम **कम गर्नुहोस्**:

- तताउने उपकरणहरू सही तरिकाले जडान, मर्मत र प्रयोग गरिएको सुनिश्चित गर्नुहोस्।
- हिटर नजिक बालबालिका र घरपालुवा जनावरको निगरानी गर्नुहोस्।
- हिटरबाट सुरक्षित दूरी कायम राख्नुहोस्।
- सधैँ सही इन्धन मात्र प्रयोग गर्नुहोस्।

**याद राख्नुहोस्: हिटरबाट २ मिटर दुरी राख्नुहोस्!**




लुगा वा आगो सजिलै लाग्ने कुनै पनि वस्तु हिटरको धेरै नजिक नराख्नुहोस् – ती कुनै पनि तापको स्रोतबाट कम्तीमा **दुई मिटर** टाढा हुनुपर्छ। खुला आगो बाल्दा सधैँ आगो छेक्ने जाली प्रयोग गर्नुहोस्।

## महत्त्वपूर्ण सुझावहरू

- लुगा वा आगो सजिलै लाग्ने कुनै पनि वस्तु हिटरको धेरै नजिक नराख्नुहोस् – ती कुनै पनि तापको स्रोतबाट कम्तीमा **दुई मिटर** टाढा हुनुपर्छ।
- खुला आगो बाल्दा सधैँ आगो छेक्ने जाली प्रयोग गर्नुहोस्।
- घरबाट बाहिर जाँदा वा सुत्न जाँदा हिटर नजिक लुगा **कहिल्यै** नछोड्नुहोस्।
- घरबाट बाहिर जानुअघि वा सुत्नुअघि तताउने उपकरण बन्द गर्नुहोस् र खुला आगो पूर्ण रूपमा निभाउनुहोस्।
- बाहिर प्रयोग गर्ने हिटर घरभित्र **कहिल्यै** प्रयोग नगर्नुहोस्।

## जडान र मर्मत

तताउने उपकरणहरू (ग्याँस हिटर, तेल हिटर, दाउरा हिटर र एयर कन्डिसनर लगायत) निर्माताको निर्देशन र सम्बन्धित अष्ट्रेलियाली मापदण्डअनुसार योग्य प्राविधिकबाट जडान र मर्मत गराउनुपर्छ।

**कुनै तताउने उपकरण बिग्रिएको छ भने तुरुन्तै प्रयोग गर्न बन्द गर्नुहोस् र योग्य प्राविधिकबाट मर्मत वा परिवर्तन गराउनुहोस्।**



# तातो पार्ने

## खुला आगो र इन्धन बाल्ने (combustion) हिटर

- हिटरको ढोका कहिल्यै खुला **नछोड्नुहोस्** वा खुला आगोको जाली नहटाउनुहोस्। आगोका झिल्का वा तातो कोइला आगो लाग्ने वस्तुमा नपरोस् भनेर खुला आगोको अगाडि सधैँ पूरै ढाक्ने जाली प्रयोग गर्नुहोस्।
- इन्धन बाल्ने (Combustion) हिटर प्रयोग गर्दा यसको ढोका राम्ररी बन्द र अड्काइएको हुनुपर्छ।
- आगो बाल्न आगो छिट्टै समात्ने तरल पदार्थ कहिल्यै प्रयोग **नगर्नुहोस्** ।
- रासायनिक पदार्थले उपचार गरिएको काठ कहिल्यै **नबाल्नुहोस्** ।
- तातो खरानी घरको फोहोर फाल्ने भाँडो, प्लास्टिकको बाल्टिन वा काउन्सिलको फोहोर बिनमा **कहिल्यै नराख्नुहोस्।** खरानी राख्नका लागि मात्र छुट्टै धातुको बाल्टिन राख्नुहोस्। खरानी घरबाट टाढा फाल्नुहोस् र फाल्नुअघि त्यसमाथि पानी खन्याइएको सुनिश्चित गर्नुहोस्।
- आगो बाल्ने सामानहरू (सलाई, लाइटर र स्टोभ लाइटर) बालबालिकाले नदेख्ने र भेट्न नसक्ने ठाउँमा राख्नुहोस्।



दाउरा हिटरको खरानी फाल्दा सावधानी अपनाउनुहोस्। खरानी चिसो हुन 5 दिनसम्म लाग्न सक्छ। खरानी निकाल्न प्लास्टिकको बाल्टिन प्रयोग नगर्नुहोस्।

## फायरप्लेस, इन्धन बाल्ने हिटर, धुवाँ जाने पाइप र चिम्नीको मर्मत

हिटर वा फायरप्लेस सही र सुरक्षित रूपमा चलोस् भनेर फायरप्लेस, इन्धन बाल्ने हिटर, धुवाँ जाने पाइप र चिम्नीको नियमित मर्मत योग्य प्राविधिकबाट गराउनुपर्छ। मर्मत गर्दा यी कामहरू गर्नुपर्छ:

- चिम्नीभित्र आगो लाग्न सक्ने पदार्थ जम्मा हुन नदिन धुवाँ जाने पाइप र चिम्नी जाँच तथा सफा गर्ने।
- फायरप्लेस वा इन्धन बाल्ने हिटरको भित्री भागमा लगाइएका आगो सहने इँटाहरूको अवस्था जाँच गर्ने।
- धुवाँ जाने पाइप र चिम्नीभित्रका ताप नियन्त्रण गर्ने भागहरूमा खिया लागेको वा बिग्रिएको छ कि छैन जाँच गर्ने।
- चिम्नी वा धुवाँ जाने पाइप छानाबाट बाहिर सुरक्षित रूपमा जोडिएको छ कि छैन, चिम्नी र यसको सुरक्षा आवरण ठीक अवस्थामा छ कि छैन, र छानाभित्र चिम्नी तथा पाइप वरिपरि मुसा वा अन्य जीवको गुँड, पात, धुलो आदि जम्मा भएको छ कि छैन जाँच गर्ने।

## सार्न मिल्ने हिटर

- हिटर ढल्यो भने आफैँ बन्द हुने सुरक्षा स्विच भएको सार्न मिल्ने हिटर छान्नुहोस्।
- बिजुलीको झट्का लाग्ने जोखिमबाट बच्न सार्न मिल्ने विद्युतीय हिटरलाई भिजेको ठाउँबाट टाढा राख्नुहोस्।



## डक्टमार्फत घर तताउने प्रणाली

हावा फर्काउने फिल्टर नियमित रूपमा सफा गर्नुपर्छ र निर्माताको निर्देशनअनुसार तताउने युनिटलाई योग्य प्राविधिकबाट नियमित रूपमा सर्भिस गराउनुपर्छ।



## ग्याँस र तरल इन्धनबाट चल्ने हिटर

- ग्याँस हिटर योग्य प्राविधिकबाट जडान गराउनुपर्छ।
- ग्याँस हिटरबाट निस्कने कार्बन मोनोअक्साइड गन्ध र रङ नभएको विषालु ग्याँस भएकाले पर्याप्त हावा बाहिर जाने व्यवस्था हुनुपर्छ।
- कार्बन मोनोअक्साइड चुहावट भए/नभएको जाँच गर्न ग्याँस हिटरलाई योग्य प्राविधिकबाट नियमित रूपमा सर्भिस (जाँच) गराउनुहोस्।
- ग्याँसबाट चल्ने पेटियो वा बाहिर प्रयोग गर्ने हिटर घरभित्र कहिल्यै प्रयोग नगर्नुहोस्। हिटर र आगो लाग्न सक्ने वस्तुहरूबीच पर्याप्त दूरी भएको सुनिश्चित गर्नुहोस्।
- बाहिरी ठाउँलाई तल तान्ने ब्लाइन्डले बन्द गरिएको छ भने कार्बन मोनोअक्साइड जम्मा हुन नदिन पर्याप्त हावा आवतजावत हुने व्यवस्था गर्नुहोस्।
- ग्याँस वा दाउरा हिटर प्रयोग गर्नुहुन्छ भने घरमा कार्बन मोनोअक्साइड अलार्म जडान गर्नुहोस्।
- तरल इन्धनबाट चल्ने हिटरमा स्वीकृत इन्धन मात्र प्रयोग गर्नुहोस्।
- तरल इन्धनलाई तापको स्रोतबाट टाढा सुरक्षित ठाउँमा राख्नुहोस्। घरमा धेरै मात्रामा इन्धन नराख्नुहोस्।



बाहिर प्रयोग गर्ने हिटर घरभित्र**कहिल्यै** प्रयोग नगर्नुहोस्।

## इथानोल फायरप्लेस
### (यसलाई इथानोल बर्नर वा सजावटका लागि प्रयोग हुने अल्कोहल इन्धन उपकरण पनि भनिन्छ)

- इथानोलबाट चल्ने फायरप्लेस निर्माताको निर्देशनअनुसार योग्य जडानकर्ताबाट जडान गराउनुपर्छ।
- फायरप्लेस वरिपरि आगो लाग्न सक्ने सबै वस्तु कम्तीमा दुई मिटर टाढा राख्नुपर्छ।
- परीक्षण गरी प्रमाणित गरिएका ब्रान्ड र मोडेल मात्र छान्नुहोस्।
- इथानोल फायरप्लेसका लागि धुवाँ जाने पाइप वा चिम्नी आवश्यक नभए पनि कोठामा पर्याप्त हावा आवतजावत हुनुपर्छ। पर्याप्त अक्सिजन नभएमा इथानोल राम्रोसँग बल्दैन र कार्बन मोनोअक्साइड उत्पन्न हुन सक्छ।
- इथानोल फायरप्लेस धेरै तातो हुन्छ र छोएमा पोल्न सक्छ।
- इथानोल फायरप्लेस बलिरहेको वा तातो भएको बेला त्यसमा इन्धन **कहिल्यै नथप्नुहोस्।** तातो सतहमा छोइएमा इथानोल इन्धनमा आगो लाग्न सक्छ।
- इन्धन पोखिन नदिन नचुहिने भाँडो प्रयोग गरेर इन्धन भर्नुहोस्। ट्याङ्की आवश्यकताभन्दा बढी **नभर्नुहोस्** । आगो बाल्नुअघि पोखिएको इन्धन पूर्ण रूपमा सफा गर्नुहोस्।
- स्वीकृत इथानोल इन्धन मात्र प्रयोग गर्नुहोस्।
- तरल इन्धनलाई तापको स्रोतबाट टाढा सुरक्षित ठाउँमा राख्नुहोस्। घरमा धेरै मात्रामा इन्धन नराख्नुहोस्।



इथानोल फायरप्लेस बलिरहेको वा तातो भएको बेला त्यसमा इन्धन**कहिल्यै** नथप्नुहोस्।

**कृपया ध्यान दिनुहोस्** कि जुलाई 2017 मा अष्ट्रेलिया सरकारले उपभोक्ता वस्तु (सजावटका लागि अल्कोहल इन्धनबाट चल्ने उपकरण) सुरक्षा मापदण्ड (Consumer Goods (Decorative Alcohol Fuelled Devices) Safety Standard) 2017 लागू गरेको थियो। 15 जुलाई 2017 पछि बिक्री गरिएका सबै उपकरणले यो मापदण्ड पालना गरेको हुनुपर्छ।